**कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख १९ गते**
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख १९ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक डडेल्धुरा जिल्ला प्रतिनिधि भूपेन्द्र विष्टका अनुसार** खाद्यान्नको अभाव भ्लेल्दै आएका अमरगढी नगरपालिका वडा नम्बर ८ र ९ का २८ मुक्त हलिया परिवारलाई राहत सामग्री वितरण गरिएको छ । अमरगढी नगरपालिकाका कार्यालयको समन्वयमा नेपाल राष्ट्रिय दलित समाजय कल्याण सङ्घ र राष्ट्रिय हलिया समाज महासङ्घ,डडेल्धुराले राहत सामग्री वितरण गरेको हो । मुक्त हलियाभित्रका समेत अतिविपन्न परिवारलाई राहत सामग्री वितण गरिएको नेपाल राष्ट्रिय दलित समाजय कल्याण सङ्घ, डडेल्धुराका अध्यक्ष सुन्दर जैरूले बताउनु भयो । राहतस्वरूप २५ किलो चामल, डेढ किलो दाल, एक पोका नुन र दुई किलो चिनी वितरण गरिएको अध्यक्ष जैरूको भनाइ छ ।
अजयमेरू गाउँपालिकाका ४७ विपन्न परिवारलाई राहत वितरण गरिएको छ । अजयमेरू गाउँपालिका - २ कोइराली घर भई रोजगारीका लागि युएईको दुबइमा रहेका राजेन्द्र ऐर र स्थानीय युवाहरूले अतिविपन्न र असाहय ४७ परिवारलाई राहत वितरण गरेका हुन् । दुबइमा रहेका ऐरले राहत वितरणकै लागि नगद रकम पठाएका थिए भने स्थानीय युवाले रकम थपेर राहत सामग्री वितरण गरेका हुन् । एक महिनाभन्दा लामो समयदेखि जारी लकडाउनका कारण विपन्न परिवारलाई दैनिकी चलाउन समस्या भइरहेको गुनासो आएको राहत वितरण गरिएको ऐरले बताउनु भयो । उहाँका अनुसार वडा नम्बर २ का ४७ परिवारलाई २० किलोका दरले ९ सय ४० किलो चामल गाडीमार्फत घरघरमा वितरण गरिएको छ ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** अध्ययन र रोगजारीका क्रममा जिल्ला बाहिर रहेका व्यक्ति जिल्ला प्रवेश गरेपछि स्थानीय तहले तयार गरिएका क्वारेन्टाइनमा २१ दिनका लागि ९४ जना पुरूष र १० जना महिला गरी १ सय ४ जनालाई राखिएको जिल्ला स्वास्थ्य कार्यालय,अछामका सूचना अधिकारी देवदत्त जोशीले जानकारी दिनुभयो । स्वास्थ्य कार्यालयका अनुसार तुर्माखाँद गाउँपालिकामा ४७ जना, बान्नीगढी जयगढ गाउँपालिकामा १७ जना, रामारोशन गाउँपालिकामा १२ जना, कमलबजार नगरपालिकामा आठ जना, साँफेबगर नगरपालिकामा सात जना, चौरपाटी गाउँपालिकामा पाँच जना, ढकारी गाउँपालिकाका चार र पञ्चदेवल नगरपालिकाका तीन जना क्वारेन्टाइनमा रहेको जनाएको छ । २१ दिन पुगेपछि उनीहरूको स्वास्थ्य परीक्षणपछि घर पठाइने र यसभन्दा अघि २१ दिनसम्म क्वारेन्टाइनमा बसेर ९८ जना घर गइसकेको कार्यालयले जनाएको छ ।
चौरपाटी गाउपालिका - १ सिउडी स्थायी घर भई हाल भारतको महाराष्ट्र राज्य मुम्बैमा रोजगारीमा रहेका युवाले ६७ जनालाई खाद्यन्न सामग्री वितरण गरेका छन् । मुम्बैमा रहेका उत्तम आउजीले लकडाउनका क्रममा समस्यामा परेकालाई व्यक्तिगत रूपमा ४० हजार रूपियाँ बराबरको खाद्यन्न उपलब्ध गराइएको छ । खाद्यन्न अभाव भ्लेलेका ६७ जनालाई प्रतिव्यक्ति १० किलो चामल, ६ किलो मैदा, दुई किलो दाल, दुई किलो तरकारी, एक किलो तेल र मसाला सहयोग गरेको आउजीले जानकारी दिनुभयो । भोकै बस्नु पर्ने अवस्थाका नेपाली दाजुभाई भए आफू खाद्यन्नमा सहयोग गर्न तयार रहेको आउजीको भनाइ छ । आउजी विगत सात वर्षदेखि रोजगारीका क्रममा मुम्बैमा रहेकाछन् ।

कोरोना भाइरसको आशङ्कामा अछाम अस्पतालको आइसोलेशन कक्षमा उपचारार्थ रहेकी महिलामा कोरोना सङ्क्रमण नभएको नतिजा आएको छ । वैशाख १५ गतेबाट मंगलसेन नगरपालिका - ५ की ५१ वर्षीया महिलालाई कोरोना सङ्क्रमण नभएको रिपोर्ट आएको स्वास्थ्य कार्यालय, अछामका प्रमुख झनकराज ढुङ्गानाले जानकारी दिनुभयो ।
आइसोलेशन कक्षमा रहेकी महिलाको वैशाख १८ गते बिहान मृत्यु भए लगत्तै स्वाब सङ्कलन गरी पीसिआर परीक्षणका लागि सुर्खेतमा पठाइएको थियो । मृतकको आरडिटी परीक्षणमा नेगेटिभ रिपोर्ट आएको थियो । आइसोलेशन कक्षमा मृत्यु भएकी महिलाको उपचारमा सङ्लग्न भएका डाक्टरसहितका १३ जना स्वास्थ्यकर्मी आइसोलेशनमा बसेका थिए । मृतकलाई ज्वरो आउने, खोकी लाग्ने भएपछि चार दिन अघि जिल्ला अस्पतालको आइसोलेशन कक्षमा भर्ना गरेर उपचार भइरहेको थियो । मृतकको वैशाख १८ गते नै परम्परागत रूपमा दाहसंस्कार भइसकेको छ ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार** विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरस रोकथामका लागि सरकारले जरी गरेको लकडाउनका क्रममा समस्यामा परेका विपन्न,असहाय र आपाङ्गता २२ हजार ५ सय ६९ परिवारलाई राहत वितरण गरेको जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरले जनाएको छ । जिल्ला प्रशासन कार्यालय, कन्चनपुरका सूचना अधिकारी कृष्णानन्द जोशीका अनुसार भीमदत्त नगरपालिकामा ७ हजार ८ सय ७१, माहाकाली नगरपालिकामा १ हजार ९ सय ४८, बेदकोट नगरपालिकामा २ हजार ७ सय २१, शुक्लाफाँटा नगरपालिकामा १ हजार २ सय ६४, कृष्णपुर नगरपालिकामा ४ हजार ८७, पुनर्वास नगरपालिकामा ८ सय २९, बेलौरी नगरपालिकामा २ हजार २ सय ७०, लालझाडी गाउँपालिकामा १ हजार १ सय १८ र बेल्डाँडी गाउँपालिकामा ९ सय परिवारलाई राहत वितरण गरिएको छ ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अुनसार** लकडाउनका क्रममा जिल्ला बाहिर रहेका विद्यार्थीहरूलाई मार्मा गाउँपालिकाले नगद राहत दिने निर्णय गरेको छ । मार्मा गाउँपालिका अध्यक्ष जमनसिह धामीको अध्यक्षतामा वैशाख १९ गते बसेको कार्यपालिका बैठकले समस्यामा परेका विद्यार्थीहरूलाई प्रतिविद्यार्थी ३ हजार रूपियाँ आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको हो । जिल्लाबाहिर अध्ययनको सिलसिलामा रहेर घर फर्किन नपाएका विद्यार्थीलाई ३ हजार रूपियाँ उपलब्ध गराउने निर्णय गरिएको गाउँपालिका अध्यक्ष जमनसिह धामीले बताउनु भयो । धनगढी महेन्द्रनगर, नेपालगञ्ज काठमाडौं लगायतका शहरमा पढाईको क्रममा गएर आउन नसकेका व्यक्तिहरूलाई धनगढी काठमाडौंमा रहेका श्रोत व्यक्तिहरूलाई सम्पर्क गर्न गाउँपालिकाले आग्रह गरेको छ । आफ्नो नाम ठेगनासहित परिचय-पत्र खुल्ने विवरणसहित सम्पर्क व्यक्तिसँग सम्पर्क गर्न गाउँपालिकाले आग्रह गरेको छ । गाउँपालिकाले धनगढीका लागि प्रेमसिह धामी, महेन्द्रनगरको लागि राजेन्द्र विष्ट, काठमाडौंका लागि नरबहादुर विष्ट र अकबरसिंह ठगुन्नालाई सम्पर्क व्यक्तिका रूपमा तोकेको छ ।
शैल्यशिखर नगरपालिकामा काठमाडौंबाट उद्धार गरी ल्याइएका विद्यार्थीहरूले क्वारेन्टाइन मापदण्ड अनुसार व्यवस्थापन नभएको भन्दै नगरपालिकाका प्रमुख अमरसिंह धामीसँग आक्रोश व्यक्त गरेका छन् । वैशाख १६ गते काठमाडौंबाट उद्धार गरी ल्याएका ४१ व्यक्तिलाई नगरपालिकाले गोकुलेश्वरको क्वारेन्टाइनमा राखेको छ । क्वारेन्टाइनमा बस्दै आएका शैल्यशिखर नगरपालिका- ६ का असिम धामीले दुरी कायम नगरीकनै एउटै हलमा राखिएको र आफूहरूलाई राखिएको हलमा लामखुट्टेले सताउने गरेको बताउनु भयो । क्वारेन्टाइनमा बस्दै आएका शैल्यशिखर नगरपालिका- १ का रूपेश नाथले एक व्यक्तिबाट अर्को व्यक्तिको दूरी कम्तीमा तीन फिटको हुनु पर्ने भनिएको भए पनि आफूहरूलाई एउटै

हलमा राखिएकोले जोखिम बढेको बताउनु भयो। काठमाडौँबाट उद्धार गरिदाँ आफूहरूलाई घर पठाउने भनी उद्धार गरिएको भए पनि क्वारेन्टाइनमा राखिएको तर केहि जनप्रतिनिधिले आफ्नो मान्छेलाई सिधै घर पठाएको नाथको भनाइ छ। क्वारेन्टाइनमै राख्ने हो भने क्वारेन्टाइन सञ्चालन मापदण्ड अनुसार सुविधा दिनु पर्ने उहाँले बताउनु भयो। नगरपालिकाका प्रमुख अमरसिंह धामी बाहिरबाट आएका कुनै पनि व्यक्तिलाई घर नपठाइएको र कोही घर गएका भए पनि उनीहरूलाई क्वारेन्टाइनमा राख्नका लागि ल्याउने बताउनु भयो । शैल्यशिखर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र विष्टले क्वारेन्टाइन राम्रैसँग व्यवस्थापन गरिएको बताउनु भयो । गर्मी हुन्छ भनेर फ्यान छन्, पानी छ । सेनिटाइजर मास्क सबैको व्यवस्थापन छ, उहाँले भन्नुभयो। क्वारेन्टाइनबाट कोहि पनि भागेका छैनन्, विष्टले भन्नुभयो, बाटोबाटै कोहि गएको भए जानकारी छैन्। हामीलाई ४१ जना काठमाडौँबाट आएको लिष्ट छ। पाँच जना डिलाशैनी बैतडीका हुन्।

लकडाउनका कारण भारतमा अलपत्र परेका सबै व्यक्तिको उद्धारपछि सम्बन्धित स्थानीय तहको क्वारेन्टाइनमा राख्ने गरी पठाइएको छ। दार्चुलाका दुई नाकाबाट वैशाख १८ गते उद्धार गरिएका १ हजार २ सय ९६ जनालाई सम्बन्धित स्थानीय तहको जिम्मामा पठाइएको सहायक प्रमुख जिल्ला अधिकारी टेकसिह कुँवरले बताउनु भयो। कोरोना सङ्क्रमणका कारण नेपाल भारत झोलुंगे पूल बन्द हुँदा उनीहरू एक महिनादेखि भारतमा अलपत्र परेका थिए। महाकाली पारीका सीमावर्ती क्वारेन्टाइमा बसेका सबै जनालाई स्थानीय तहमा पठाइ सकिएको कुँवरले बताउनु भयो।

वैशाख १८ र १९ गते गरी ११ ओटा बसमार्फत उद्धार गरिएका सबैलाई सम्बन्धित स्थानीय तहको जिम्मेवारीमा पठाइएको महाकाली नगरपालिका विपद् शाखा प्रमुख भवन जोशीले बताउनु भयो । भारतीय नाका भएर आउनेहरूमा दार्चुलाका ३ सय १५ जना, बैतडीका ४ सय ७५ जना, बझाङका २ सय ८३ जना, कैलालीका १ सय २ जना, अछामका ५१ जना, डडेल्धुराका २६ जना, कञ्चनपुरका २१ जना, डोटीका दुई जना, दलैखका दुई जना,सुर्खेतका १५ जना, कालीकोटका तीन जना र हुम्लाका एक जना रहेको जिल्ला प्रशासनले जनाएको छ।

नौगाड गाउँपालिकामा वैशाख १९ गते २८ जनाको र्‍यापिड टेष्ट गरिएको छ। गाउँपालिकाको वाड नम्बर ६ को जनहित मावि धुलिगाडामा १६ जना पुरूष तथा १२ जना महिला गरी २८ जानको र्‍यापिड टेष्ट गरीएको स्वास्थ्य कार्यालय दार्चुलाका सूचना अधिकारी खगेन्द्र कार्कीले जानकारी दिनुभयो।

परीक्षणका क्रममा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय, दार्चुलाका सूचना अधिकारी खगेन्द्र कार्कीले जानकारी दिनुभयो।

गत चैत ५ गते यता भारत तथा तेस्रो मुलुकबाट आएका तथा होम क्वारेन्टाइनमा बसेका व्यक्तिहरूमा कोरोना परिक्षणका लागि आरडिटी परीक्षण भइरहेको स्वास्थ्य कार्यालय दार्चुलाले जानकारी दिएको छ।

वैशाख १९ गते नौगाड गाउँपालिकाका अध्यक्ष प्रेमसिंह धामीको टोलीले गाउँपालिकाका विभिन्न क्षेत्रमा बनाइएका क्वारेन्टाइनहरूको अनुगमन गरेको छ । नौगाड गाउँपालिकामा मात्रै २ सय ७८ जना क्वारेन्टाइनमा रहेको गाउँपालिकाले जनाएको छ । यसैगरी मार्मा गाउँपालिकाका क्वारेन्टाइनमा भारतबाट आएका ८४ जनालाई क्वारेन्टाइनमा राखिएको छ। उनीहरूको लागि आरडिटी गर्न किटको अभाव रहेको गाउँपालिकाले जनाएको छ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** सुदूरपश्चिम प्रदेशमा एक साता यता कारोना परीक्षणको गति घट्दै गएको हो। केहिदिन अघिसम्म पीसीआर र आडीटी बिधिबाट दैनीक ५

सयदेखि १ हजारसम्म परीक्षण हुँदै आएकोमा त्यो संख्यामा कमी आएको हो । सुदूरपश्चिममा लामो समयदेखि कोरोनाका नयाँ बिरामी भने फेला परेका छैनन् । वैशाख १३ गते १ हजार भन्दा बढीको कोरोना परीक्षण गरिएकोमा त्यसयता कोरोना परीक्षण न्युन सङ्ख्यामा हुँदै आएको छ । वैशाख १८ गते सुदूरपश्चिममा पीसीआर र आरडीटी बिधिबाट १ सय ८३ जनाको मात्रै कोरोना परीक्षण गरिएको छ ।
सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा पीसीआर बिधिबाट १० र आरडिटीमार्फत १ सय ७३ जनाको कोरोना परीक्षण गरिएकोमा सबै रिपोर्ट नेगेटिभ आएको सामाजिक बिकास मन्त्रालय जनस्वास्थ्य महाशाखा प्रमुख नरेन्द्रसिंह कार्कीले जानकारी दिनुभयो ।
धनगढीको सेती प्रादेशिक अस्पतालमा २८ दिनदेखि उपचारार्थ कोरोना सङ्क्रमित महिलाको छैठौँ रिपोर्ट पनि पोजेटिभ आएको छ । गत चैत २२ गते कोरोना पुष्टि भएपछि धनगढी उपमहानगरपालिका- ५ की ३४ वर्षीय महिलाको ६ पटकसम्म गरिएको थ्रोट स्वाब परीक्षणमा कोरोना रिपोर्ट लगातार पोजेटिभ आएको सेती प्रादेशिक अस्पतालका सूचना अधिकारी दिलीपकुमार श्रेष्ठले बताउनु भयो ।
सेती प्रादेशिक अस्पतालमा कोरोना भाइरसको उपचार गरेर चार जना घर फर्किसकेका छन् । अब उनी मात्रै उपचारार्थ  रहेकी छन् ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका अनुसार** शिखर नगरपालिका - १ कपलेकिस्थित कोरेन्टाइनमा रहेका   मानिसहरूका लागि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) शिखर नगरपालिका वडा नम्बर १ कमिटीले व्यक्तिगत रूपमा राहत सङ्कलन गरी वडा अध्यक्ष खडकबहादुर शाहीलाई हस्तान्तरण गरेको छ । चामल २० बोरा, पिठो १० बोरा ,तेल एक पेटी,दाल २० किलो, मसला दुई केजी,स्वयबिन एक बोरा आलु एक बोरा,साबुन ३० पिस, प्याज पाँच केजी  चिनी १० केजी, चियापत्ति एक केजी र नुन पाँच केजी हस्तान्तरण गरिएको शिखर नगरपालिका- १ कपल्लेकिका वडा कमिटी अध्यक्ष रामबहादुर दाडिमानाले बताउनु भयो । वडा अध्यक्ष खडक शाहिले नेकपाका साथीहरूले व्यक्तिगत रूपमा खाद्य सामग्री सङ्कलन गरी राहत सहयोग गर्नु भएकोमा धन्यवाद व्यक्ति गर्नुभयो ।
**इन्सेक सुदुरपश्चिम प्रदेश कार्यालय, धनगढी**